कञ्चन गाउँपालिका
Kanchan Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office Of The Rural Municipal Executive
कञ्चन-२, रुपन्देही
Kanchan-2, Rupandehi
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

पत्र संख्या/Ref No :- ०७९/०८०
चलानी नं./Dispatch No.:- —

तेस्रो पटक प्रकाशित मिति : २०७९/११/२८

## साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालनका लागि प्रस्ताव आव्हान सम्बन्धि सूचना !

प्रस्तुत विषयमा यस कञ्चन गाउँपालिका भित्र आ.ब. ०७९/०८० मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत तपसिल बमोजिमका पकेट कार्यक्रमहरु संचालन गर्न सकिने भएकोले इच्छुक कृषक समूह/कृषि सहकारी संस्था/जल/वन उपभोक्ता समिति/कृषि फर्महरुले आवश्यक कागजात सहित मिति २०७९ चैत्र ५ गते भित्र कञ्चन गाँउपालिका कृषि विकास शाखामा प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । साथै आवेदन फारम अनुसूची –६ र आधारभूत तथ्याङ्क फारम अनुसूची –७ कार्यालयको वेबसाईट www.kanchanmun.gov.np बाट डाउनलोड गरि वा कृषि विकास शाखा बाट प्राप्त गर्न सकिने छ ।

### पकेट संचालनका मापदण्ड

| क्र.सं. | बाली वस्तु | इकाई | न्यूनतम क्षेत्रफल |
|---|---|---|---|
| १ | खाद्यान्न बाली (गहुँ) | विघा | ३० |

### अनुदान रकम र पकेट संख्या

| क्र.सं. | पकेट विवरण | पकेट संख्या | अनुदान रकम बढिमा रु |
|---|---|---|---|
| १ | नयाँ पकेट गहुँ | संख्या – १ | १२,००,०००।-(बाह्र लाख) |

पेश गर्नुपर्ने आवश्यक कागजातहरु :

१. पकेट माग गर्ने संस्थाको निर्णय प्रतिलिपि ।
२. सम्बन्धित निकायमा दर्ता तथा नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि ।
३. प्रस्ताव पेश गर्ने आधिकारिक व्यक्तिको नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि ।
४. कार्यक्रम संचालन हुने स्थान(जग्गा/जमिन)को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भए कम्तीमा ५ बर्ष को करार सम्झौता प्रतिलिपि/वेदर्ता जग्गा भएको भए क्षेत्रफल एकिन सहितको सम्बन्धित वडा को सिफारिस ।
५. अनुसूची – ६ बमोजीम प्रस्तावना निवेदन ।
६. अनुसूची – ७ बमोजीम विवरण ।
७. वडा कार्यालयको सिफारिस पत्र ।

थप जानकारीको लागि : यस कार्यालयको कृषि विकास शाखा वा मो.नं. ९८४८८९९३३४ र मो.नं. ९८४७०००४४४ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

सागर गौतम
प्रमुख प्रशासकीय अधिकृत